# मुसिकोट राजपत्र

मुसिकोट नगरपालिका द्वारा प्रकाशित

खण्ड १) मुसिकोट,गुल्मी, साउन ३० गते,२०७४ साल (संख्याः ६

## भाग-१

### मुसिकोट नगरपालिका,गुल्मी

### मुसिकोट नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन २०७४

नेपालको संविधान २०७२ को धारा २२८ ले दिएको अधिकार प्रयोग गरी मुसिकोट नगर सभाले बनाएको देहाय वमोजिमको ऐन स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा ३ वमोजिम सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ ।

# मुसिकोट नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन २०७४

**प्रस्तावनाः**

मुसिकोट नगरपालिकाको आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम मुसिकोट नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन २०७४ साल श्रावण १ गतेदेखि मुसिकोट नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** नगरपालिकाका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):** नगरपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (२) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (२) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (२) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (२) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (२) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल करः** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार वा पसलमा अनुसूचि (२) मा उल्लिखित कर लगाइने छ ।

११. **सामुदायीक वन कर** नगरपालिका क्षेत्रभित्रका सामुदायिक वनहरुलाइ अनुसूचि (२) बमोजिम कर लगाइने छ ।

१२. **घर जग्गा नक्सा पास** घर जग्गा नक्सा पास गर्दा अनुसूचि (२) बमोजिम कर लगाइने छ ।

१३. **सेवा शुल्क, दस्तुरः** नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (१) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

मुसिकोट राजपत्र

१४. **पर्यटनशुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुने छ ।

मुसिकोट राजपत्र

## अनुसुचि १
## मुसिकोट नगरपालिका कार्यालय
## आ.ब.०७४।७५ को लागि सेवा शुल्क, कर तथा दस्तुरहरु दररेट

१.सेवा शुल्कः

| सि. नं. | सेवाको किसिम | दर | कैफियत |
|---|---|---|---|
| १ | स्थलगत सर्जमिन वापत | १००० | |
| २ | अचल सम्पत्ति मूल्याकंन (०.१ प्रतिशत) | ०।००१ | |
| ३ | अचल सम्पत्ति मूल्याकंन अंग्रेजीमा(०.१५ प्रतिशत) | ०।००१५ | |
| ४ | निजी विद्यालयको दर्ता सिफारिस | ३००० | |
| ५ | निजी विद्यालयको कक्षा थप सिफारिस | २००० | |
| ६ | निजी वाल विकास केन्द्र दर्ता | १००० | |
| ७ | नागरिकता अनुसूची,नवेदन तथा सिफारिस | १०० | |
| ८ | अंगिकृत नागरिकता सिफारिस | १००० | |
| ९ | प्रतिलिपि नागरिकताको सिफारिस | २०० | |
| १० | मिलापत्र शुल्क | ३०० | |
| ११ | टोल विका संस्था दर्ता शुल्क÷नविकरण | २०० | |
| १२ | व्यवसायिक इजाजत सिफारिस (ठेक्का बाहेक) | १००० | |
| १३ | घ बर्गका निर्माण ब्यवसायी अनुमति पत्र | २००० | |
| १४ | घ बर्गका निर्माण ब्यवसायी अनुमति पत्र नवीकरण (विलम्ब शुल्क रु.२०००।–) | १०,००० | |
| १५ | स्थलगत प्राबिधिक सेवा शुल्क | १५,०० | |
| १६ | तोकिएको पर्यटन क्षेत्रमा प्रवेश शुल्क नेपाली\विदेशि | ५० र ५०० | |

## २. विभिन्न प्रमाणित र सिफारीस तथा अन्य दस्तुर

| सि.नं. | सेवाको किसिम | दर | कैफियत |
|---|---|---|---|
| १. | घरवाटो सिफारिस (माथि उल्लेखित बाहेक न.पा.का अन्य वडाहरु) | | |
| | क. मुख्य सडक | ३०० | |
| | ख. शाखा सडक | २०० | |
| | ग. गोरेटो बाटो | १०० | |
| २ | जग्गा नामसारी सिफारिस<br>क. न.पा.को प्रमुख बजार क्षेत्र, बजार क्षेत्रको समतल क्षेत्र र अन्य वडाका बजार क्षेत्र<br>ख. न.पा.को बजार क्षेत्र बाहेक वडाहरु | <br>३००<br><br>१०० | |
| ३ | नाम, थर संशोधन सिफारिस | १०० | |
| ४ | घर कायम सिफारिस (ढलान घर) | ५०० | |
| ५ | घर कायम सिफारिस (ढलान बाहेक अन्य घर) | २०० | |
| ६ | छुट जग्गा दर्ताको सिफारिस दस्तुर | १००० | |
| ७ | विद्युत जडानको सिफारिस दस्तुर(घरयासी प्रयोजन) | ३०० | |
| ८ | विद्युत जडानको सिफारिस दस्तुर(थ्री फेज लाइन) | १००० | |
| ९ | ब्यवसाय, खानेपानी धारा, विद्युत मिटर आदिको ठाउँसारी तथा नाम संशोधन सिफारिस | ३०० | |
| १०. | निजी धारा वा टेलिफोन जडान सिफारिस दस्तुर | ५०० | |
| ११ | बैदेशिक रोजगारको लागि सिफारिस(सार्कका सदस्य राष्ट्रहरु बाहेक) | | |
| | क. कखाडी मुलुकको लागि | ५०० | |
| | ख. माथि उल्लेखित बाहेक अन्य मुलुकको लागि | १००० | |

मुसिकोट राजपत्र

| | | | |
|---|---|---|---|
| १२. | परिवार ल्याएको÷लगेको सिफारिस | ५०० | |
| १३. | नाता प्रमाणित दस्तुर | | |
| | क.नाता प्रमाणित दस्तुर | १०० | |
| | ख.नाता प्रमाणित अंग्रजीमा दस्तुर | ३०० | |
| १४. | वसोवास प्रमाणित (बैदेशिक प्रयोजन) | १००० | |
| | बसोवास प्रमाणित (स्वदेशी प्रयोजन) | २०० | |
| १५. | नाफामूलक संस्था दर्ता÷नविकरण र सिफारिस | ३००० | |
| १६. | सेवामूलक संस्था दर्ता÷सिफारिस | ३०० | |
| १७. | संस्था बन्द भएको अथवा ठाउँ सारेको | १५०० | |
| १८. | मोही नामसारी सिफारिस | ५०० | |
| १९ | गैसस सिफारिस एनजिओ | २००० | |
| २० | अन्तराष्ट्रिय गैसस सिफारिस आईएनजिओ | ५००० | |
| २१ | क्लव आमा समुह, बाल समुह दर्ता , विवरण सिफारिस | ५०० | |
| २२ | सम्बन्ध विच्छेदको सिफारिस | १००० | |
| २३. | ठुला उद्योग स्थापनाको सिफारिस | २०,००० | |
| २४. | मझौला उद्योग स्थापनाको सिफारिस | ५००० | |
| २५. | साना तथा घरेलु उद्योगको सिफारिस | १००० | |
| २६. | रुख काट्ने सिफारिस प्रति गोटा (प्रतिबन्धित बाहेक स्वीकृत आवश्यक पर्नेमा) | ५०० | |
| २७. | नेपाली पेन्सनपट्टा सम्बन्धी सिफारिस | ३०० | |
| २८. | भारतीय पेन्सनपट्टा सम्बन्धी सिफारिस | ५०० | |
| २९. | अन्य मुलुकको पेन्सनपट्टा सिफारिस | १००० | |
| ३०. | अपुताली सिफारिस (नेपालको लागि) | १००० | |

| | | | |
|---|---|---|---|
| ३१ | अपुताली सिफारिस (विदेशको लागि) | | |
| ३२. | जन्म मृत्यू विवाह प्रमाणित तथा सिफारिस (३५ दिन कटेपछि) | २०० | |
| ३३. | उल्लेखित बाहेकका अन्य विविध प्रमाणित तथा सिफारिस | १०० | |
| ३४. | अंग्रेजीमा सिफारीस | ५०० | |
| ३५. | एफ.एम. सञ्चालन सिफारिस शुल्क | १०,००० | |
| ३६. | एम.एम.सञ्चालन इजाजत दस्तुर १०० वाट सम्म | १५,००० | |
| ३७. | एम.एम.सञ्चालन इजाजत नविकरण | २००० | |

३. बहाल कर :

| क्र.स. | सेवाको किसिम | दर | कैफियत |
|---|---|---|---|
| १. | नगरपालिका क्षेत्रभित्र कुनै घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड कारखाना, जग्गा आदि वहालमा दिएकोमा १० प्रतिशत | ०।१ | |
| २. | २नगर क्षेत्रमा आफुले निर्माण, रेखदेख र सञ्चालन गरेको हाटबजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा सार्वजनिक बाटोको छेउमा अस्थायी पसल थाप्न दिए वापत (प्रति वर्गफिट रु. २ देखि २० सम्म) | | |

मुसिकोट राजपत्र

# अनुसुचि २
## मुसिकोट नगरपालिका कार्यालय
## आ.ब.०७४।७५ को लागि कर तथा दस्तुरहरु दररेट

| | | | |
|---|---|---|---|
| १. | सम्पत्ति कर | | |
| | १.जस्तापाता, स्लेट ढुङ्गा, टायल छाना भएको कच्चि घर प्रति वर्ष | ३०० | |
| | २.छाप्रो, खरको छाना आदी भएको कच्ची घर प्रति वर्ष | ३० | |
| | ३.उल्लेखित नभएको विषयमा नगरपालिका राजस्व परामर्श समितिको बैठकले तय गर्नेछ | १०० | |
| २. | भुमिकर | | |
| १ | क वर्गमा पर्ने प्रत्येक वडाका प्रमुख बजार क्षेत्रमा पर्ने वस्तीको न्यूनतम प्रति वर्ष | १०० | |
| | ३ रोपनी सम्म प्रतिरोपनी प्रति वर्ष | ७० | |
| | ५ रोपनी सम्म प्रतिरोपनी प्रति वर्ष | ८० | |
| | १० रोपनी सम्म प्रतिरोपनी प्रति वर्ष | ९० | |
| | १० रोपनी भन्दा माथी प्रतिरोपनी प्रति वर्ष | १०० | |
| २ | ख वर्गमा पर्ने प्रत्येक वडाका प्रमुख बस्ती क्षेत्रमा पर्ने वस्तीको न्यूनतम प्रति वर्ष | ३० | |
| | ५ रोपनी सम्म प्रतिरोपनी प्रति वर्ष | ३० | |
| | १०.रोपनी सम्म प्रतिरोपनी प्रति वर्ष | ४० | |
| | १० रोपनी भन्दा माथी प्रतिरोपनी प्रति वर्ष | ५० | |
| ३ | ग वर्गमा पर्ने प्रत्येक वडाका प्रमुख बस्ती क्षेत्रमा पर्ने वस्तीको न्यूनतम प्रति वर्ष | २० | |
| | १० रोपनी सम्म प्रतिरोपनी प्रति वर्ष | २० | |
| | .३० रोपनी सम्म प्रतिरोपनी प्रति वर्ष | १५ | |
| | ५० रोपनी सम्म प्रतिरोपनी प्रति वर्ष | २० | |

मुसिकोट राजपत्र

| | | | |
|---|---|---|---|
| | ५० रोपनी भन्दा माथी प्रतिरोपनी प्रति वर्ष | २५ | |
| ३. | **घर बहाल कर** | | |
| | घर, जग्गा, टहरो, छाप्रो, पसल, ग्यारेज, गाडी, मेसिनरी जुनसुकै व्यवसाय गर्न, कुनै पनि भाडामा लिएको भाडा रकमको १० प्रतिशतले हुन आउने कर लाग्ने छ | १० प्रतिशत | |
| ४. | **व्यवसाय कर** | | |
| १. | चिया नास्ता सामान्य किराना पसल, सामान्य कस्मेटिक पसल प्रति वर्ष | ५०० | |
| २. | रेष्टुरेन्ट व्यवसाय प्रति वर्ष | १५,०० | |
| ३. | होटल वार प्रति वर्ष | २,००० | |
| ४. | रिसोर्ट, प्रथम वर्गको होटल, प्रति वर्ष | २५,००० | |
| ५. | खाद्यान्न पसल, किराना पसल, प्रति वर्ष | ३,००० | |
| ६. | काचो कपडा, तयारी पोशाक, कपडा फेन्सी प्रति वर्ष | ४,००० | |
| ७. | स्टेशनरी तथा खेलकूद सामाग्री पसल प्रति वर्ष | १५,०० | |
| ८. | मासु पसल प्रति वर्ष | १,००० | |
| ९. | बाल काट्ने शैलुन प्रति वर्ष | १,००० | |
| १०. | ब्यूटि पार्लर प्रति वर्ष | १,००० | |
| ११. | निमार्ण सामाग्री, हार्डवयर पसल प्रति वर्ष | ४,००० | |
| १२. | प्रेस छापखान प्रति वर्ष | ४,००० | |
| १३. | भाडा पसल प्रति वर्ष | २५,०० | |
| १४. | मोटर साईकल वर्कसप प्रति वर्ष | ३,००० | |
| १५. | मोटर साईकल सोरुम प्रति वर्ष | ५,००० | |



मुसिकोट राजपत्र

| | | | |
|---|---|---|---|
| १६. | जिप, बस, ट्रक, टेक्टर, कार वर्कसप (ग्यारेज) प्रति वर्ष | ५,००० | |
| १७. | जिप, बस, ट्रक, टेक्टर, कार सोरुम प्रति वर्ष | २५,००० | |
| १८. | सामान्य औषधि पसल प्रति वर्ष | २५,०० | |
| १९. | ल्याव, एक्सरे, सहितको औषधि पसल प्रति वर्ष | ५,००० | |
| २०. | हस्पिटल, रिसर्च सेन्टर प्रति वर्ष | ४०,००० | |
| २१. | सुन चाँदी पसल  प्रति वर्ष | ४,००० | |
| २२. | सुन चाँदी पसल ठूलो प्रति वर्ष | ७,५०० | |
| २३. | घडि, रेडियो, टि.भि.मर्मत पसल प्रति वर्ष | २,००० | |
| २४. | फ्रिज, घडि, रेडियो, टि.भि. कम्प्यूटर, ईलेक्ट्रीकल पसल प्रति वर्ष | ४,००० | |
| २५. | जल विद्युत आयोजना प्रति किलोवाट प्रति वर्ष | १५० | |
| २६. | क्रसर उद्योग प्रति वर्ष | ५०,००० | |
| २७. | ईट्टा,  ब्लक, उद्योग प्रति वर्ष | १०,००० | |
| २८. | प्लास्टिक पसल प्रति वर्ष | २,००० | |
| २९. | कम्यूनिकेसन सेन्टर, कम्प्यूटर सिकाईसेन्टर प्रति वर्ष | २,००० | |
| ३०. | ट्यूसन कोचिङ्ग सेन्टर प्रति वर्ष | ५,००० | |
| ३१. | वोर्डिङ्ग स्कूल प्राईमरी प्रति वर्ष | ३५,०० | |
| ३२. | वोर्डिङ्ग स्कूल माध्यामिक प्रति वर्ष | ७,५०० | |
| ३३. | वोर्डिङ्ग स्कूल प्राईमरी नयाँ दर्ता | २०,००० | |
| ३४. | वोर्डिङ्ग स्कूल माध्यामिक नयाँ दर्ता प्रति वर्ष | ३०,००० | |
| ३५. | तरकारी फलफूल पसल प्रति वर्ष | १,००० | |
| ३६. | तरकारी फलफूल पसल थोक बिक्रेता प्रति वर्ष | २,००० | |

मुसिकोट राजपत्र

| | | | |
|---|---|---|---|
| ३७. | मदिरा पसल फुटकर पसल प्रति वर्ष | ५,००० | |
| ३८. | मदिरा पसल थोक पसल प्रति वर्ष | १०,००० | |
| ३९. | मदिरा पसल डिलर प्रति वर्ष | १५,००० | |
| ४०. | किराना गल्ला फेन्सी थोक बिक्रेता प्रति वर्ष | ७,५०० | |
| ४१. | टेलर्स पसल प्रति वर्ष | १,००० | |
| ४२. | ग्रील उद्योग प्रति वर्ष | ४,५०० | |
| ४३. | फर्निचर उद्योग प्रति वर्ष | ४,५०० | |
| ४४. | फर्निचर सोरुम प्रति वर्ष | ६,००० | |
| ४५. | निर्माण व्यवसायी ग र घ वर्ग प्रति वर्ष | १०,००० | |
| ४६. | निर्माण व्यवसायी ख वर्ग प्रति वर्ष | २०,००० | |
| ४७. | निर्माण व्यवसायी क वर्ग प्रति वर्ष | ४०,००० | |
| ४८. | उल्लेखित नभएको विषयमा नगरपालिका राजस्व परामर्श समितिको बैठकले तय गर्नेछ | | |
| ५. | **सवारी साधन कर** | | |
| १ | मोटरसाईकल स्कूटर प्रति वर्ष | ५,०० | |
| २. | जिप कार भ्यान पिकअप प्रति वर्ष | २,००० | |
| ३. | मिनीबस, मिनीट्रक, ट्याक्टर प्रति वर्ष | ४,००० | |
| ४. | बस, ट्रक, टिप्पर प्रति वर्ष | ६,००० | |
| ५. | टेलर, भ्याकूलोडर प्रति वर्ष | ८,००० | |
| ६. | डोजर क्रेन स्काभेटर प्रति वर्ष | १२,००० | |
| ७. | ट्रिप | | |
| १. | प्रति ट्रिप घर बनाउने खालको चट्टानी ढुङ्ग नगरपालिका भित्र ट्याक्टर | २५० | |
| २. | प्रति ट्रिप घर बनाउने खालको चट्टानी ढुङ्ग नगरपालिका भित्र ट्रक | ७,५० | |

| | | | |
|---|---|---|---|
| ३. | प्रति ट्रिप घर बनाउने खालको चट्टानी ढुङ्ग नगरपालिका भित्र टिप्पर | १००० | |
| ४. | प्रति ट्रिप घर बनाउने खालको चट्टानी ढुङ्ग नगरपालिका बाहिर जाने ट्याक्टर | ५०० | |
| ५. | प्रति ट्रिप घर बनाउने खालको चट्टानी ढुङ्ग नगरपालिका बाहिर जाने ट्रक | १५,०० | |
| ६. | प्रति ट्रिप घर बनाउने खालको चट्टानी ढुङ्ग नगरपालिका बाहिर जाने टिप्पर | २,००० | |
| ६. | **कवाडी कर** | | |
| १. | नगरपालिका क्षेत्र भित्र कूल वार्षिक कर | ८,००००० | |
| ७. | **मनोरञ्जन कर** | | |
| १. | मेला आयोजना गर्दा अनुमती शुल्क प्रति दिन | ५,०० | |
| २. | कूल आम्दानीमा भएको नाफाको १० प्रतिशतले हुने कर | १० प्रतिशत | |
| ८. | **विज्ञापन कर** | | |
| १. | प्रति स्क्वार फुट होडिङ्ग वोर्ड विज्ञापन प्रति वर्ष | | |
| ९. | **सामुदायिक वन कर** | | |
| १ | वार्षिक आम्दानीको १० प्रतिशत | १० प्रतिशत | |
| १०. | **अन्य करहरु** | | |
| १ | कर नतिरेमा प्रत्यक वर्ष १५ प्रतिशतका दरले थप जरिवाना सहित लाग्नेछ । | | |
| २. | काउन्सीलिङ्ग प्रति गोटा | १०० | |
| ३. | गैसस सिफारिस एनजिओ | २,००० | |
| ४. | अन्तराष्ट्रिय गैसस सिफारिस आईएनजिओ | ५,००० | |
| ५. | क्लव आमा समुह, बाल समुह दर्ता , विवरण सिफारिस | ५,०० | |

मुसिकोट राजपत्र

| | | | |
|---|---|---|---|
| ११. | **घर जग्गा नक्सा पास कर** | | |
| १. | घर जग्गा नक्सा पास मोटरबाटो (राजमार्ग) आसपास प्रति वर्ग फिट | ४ | |
| २. | घर जग्गा नक्सा पास मोटरबाटो (मुख्य) आसपास प्रति वर्ग फिट | २ | |
| ३ | घर जग्गा नक्सा पास मोटरबाटो (अन्य) आसपास प्रति वर्ग फिट | १ | |

## अनुसुचि ३
## मुसिकोट नगरपालिका कार्यालय
## आ.ब.०७४।७५ को अनुमानित राजस्व संकलन विवरण

जम्मा अनुमानित राजस्व रकम रु १,३०,०००००

| सि.न. | राजस्व शिर्षकहरु रु | रकम रू. | कैफियत |
|---|---|---|---|
| १. | खानी तथा खनिज प्राकृतिक सम्पदा वाडफाड | ३७,३५,००० | |
| २. | सम्पत्तिकर | १०,००००० | |
| ३. | भुमिकर | १०,००००० | |
| ४. | घरवाहल, वाहलकर | १,००००० | |
| ५. | व्यवसाय कर | २५,००००० | |
| ६. | सवारी साधन कर | ३,००००० | |
| ७. | कवाडीकर | ६,००००० | |
| ८. | मनोरञ्जन कर | ५,००० | |
| ९. | विज्ञापन कर | १०,००० | |
| १०. | सामुदायिक बन आम्दानी कर | १,००००० | |
| ११. | अन्य कर | ५०,००० | |

मुसिकोट राजपत्र

| | | | |
|---|---|---|---|
| १२. | घरजग्गा, नक्सा पास कर | ५,००००० | |
| १३. | अन्य विविध सेवा शुल्क | १०,०००० | |

प्रमाणिकरण मिति : २०७४।०४।३०

आज्ञाले,
घनश्याम न्यैपाने
प्रमुख प्रशासकीय अधिकृत

मूल्य रू.२०

मुसिकोट राजपत्र